# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, पुस ८ गते २०५१ साल (अतिरिक्ताङ्क ४१+१

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सन् १९९५ को लागि संयुक्त राज्य अमेरिकामा निर्यात हुने तयारी पोशाकको निर्यात कोटा देहाय बमोजिम वितरण गर्ने गरी निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. सन् १९९५ को लागि अमेरिकी सरकारबाट प्राप्त तयारी पोशाकको कोटा वितरण सम्बन्धमा गत २३ महिनाको कुल कोटाको ८० प्रतिशत वा बढी उपयोग भएको कोटा क्याटागोरीमा आन्तरिक कोटा प्रणाली लगाउने । यस अवधिमा ८० प्रतिशत भन्दा कम कोटा उपयोग भएको क्याटागोरीमा पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा भिसा जारी गर्ने गरी खुला गर्ने, तर कोटा परिमाण कुल ५,००,००० दर्जन भन्दा बढी भएका तयारी पोशाक वर्गको उपयोगिता राम्रो होस् भन्ने उदेश्यबाट त्यस्ता तयारी पोशाक वर्गको हकमा उपरोक्त अनुसार ८० प्रतिशत वा बढी कोटा उपयोग भएको अवस्थामा कुल कोटाको ५० प्रतिशत परिमाणमा मात्र आन्तरिक कोटा प्रणाली अपनाउने र बाँकी ५० प्रतिशत जगेडा राख्ने ।

११६८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. तयारी पोशाक उद्योग वा व्यापारिक फर्महरूले आ-आफ्नो कोटा परिमाण बिक्री वा हस्तान्तरण वा सट्टापट्टा गर्न नपाउने ।

३. विदेशी क्रेताले खोल्ने प्रतीतपत्र (Letter of Credit) मा Third Party Negotiation गर्न नपाउने ।

४. नेपाली कपडा खरीद गरेको वा बण्डेड वयर हाउस अन्तर्गत कपडा पैठारी गर्नेलाई मात्र कोटा लागेका तयारी पोशाक निर्यात गर्न दिने । नेपाली कपडा प्रयोग गरेको प्रमाणित साबिककै प्रक्रया अनुसार घरेलु तथा सिल्पकला बिक्री भण्डारले गर्ने ।

५. रिजर्भ रहेको १ प्रतिशत र ट्रेडिङ्ग फर्महरूलाई छुट्याइएको १ प्रतिशत कोटा परिमाण मध्येको उपयोग हुन बाँकी रहेको परिमाण डिसेम्बर १५ तारिखदेखि पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा वितरण गर्ने ।

६. आन्तरिक कोटा प्रणाली वा पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा वितरित कोटा परिमाणमा एक पटकमा २,००० दर्जन भन्दा बढीको भिसा दिइने छैन र उक्त परिमाण निर्यात गरेको आधारमा अर्को पटक भिसा दिइने छ । यदि उक्त परिमाण भन्दा बढीको भिसा आवश्यक परेमा छानविन गरी दिइने छ ।

७. PPEx (Past Performance Export) अन्तर्गत कोटा परिमाण प्राप्त गर्ने तयारी पोशाक उद्योगहरूले आ-आफ्नो कोटाको ४० प्रतिशत परिमाण ५ महिनाभित्र निर्यात गरी सक्नु पर्नेछ । तर कुनै निर्यातकर्ताले अडर प्राप्त गरेको प्रमाण पेश गरेमा १ महिना थप समय दिइनेछ । उक्त अवधिमा तोकिएको परिमाण निर्यात नगर्ने उद्योगहरूको बाँकी कोटा परिमाण रिजर्भमा राखी पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा वितरण गरिने छ । त्यसैगरी ७ महिना अवधिमा ६५ प्रतिशत निर्यात नगर्ने उद्योगहरूको बाँकी परिमाण जगेडामा राखी पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा वितरण गरिने छ । ६५ प्रतिशत निर्यात गर्ने यस्ता उद्योगहरूले पनि बाँकी परिमाण ६ महिनाभित्र निर्यात गरी सक्नु पर्नेछ । त्यसरी निर्यात हुन बाँकी रहेको सबै परिमाण अक्टोवर १ तारिखदेखि पहिलो प्राथमिकता प्रदान गरिने (First Come Eirst Serve) आधारमा वितरण गरिने छ ।

८. कुल कोटाको ८० प्रतिशत भन्दा बढी कोटा उपयोग भएका क्याटागोरीमा नयाँ पुराना सबै उद्योगहरूको उपयुक्त संरक्षण र प्रोत्साहनको लागि निम्न अनुसार गर्ने

(क) गत २३ महिना अवधिमा ८० प्रतिशत वा सो भन्दा बढी निर्यात भएको र ५,००,००० दर्जन भन्दा कम कुल कोटा परिमाण तोकिएका तयारी पोशाकको कोटा निम्नानुसार वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) कुल कोटामध्ये नेपाली कपडा प्रयोग गर्ने उद्योगहरूको प्रोत्साहनको लागि १० प्रतिशत, अमेरिका बाहेक अन्य मुलुकमा परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी निर्यात गर्ने उद्योगहरूको प्रोत्साहनको लागि ५ प्रतिशत, व्यापारिक फर्महरूको लागि १ प्रतिशत र १ प्रतिशत जगेडा समेत जम्मा १७ प्रतिशत सुरक्षित गर्ने ।

(२) कुल कोटामध्ये सुरक्षित राखिएको कोटा १७ प्रतिशत कटाई बाँकी रहेको ८३ प्रतिशत मध्येबाट ८५ प्रतिशत कोटा २४ महिनाको PPEx को आधारमा वितरण गर्ने र १५ प्रतिशत कोटा PPEx भित्र नपर्ने उद्योगहरूलाई वितरण गर्न छुट्याउने। PPEx को आधारमा वितरण गर्न छुट्याइएको परिमाणमध्ये सबैलाई १०० दर्जनका दरले वितरण गरी बाँकी परिमाण PPEx को हिसाबले वितरण गर्ने ।

(३) PPEx भित्र नपर्ने उद्योगहरूको लागि छुट्याएको १५ प्रतिशत परिमाण पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा कन्फर्मण्ड प्रतीतपत्र पेश गर्ने उद्योग हरूलाई एक पटकको लागि १०० दर्जन सम्म निर्यात गर्न दिने ।

(ख) गत २३ महिना अवधिमा ८० प्रतिशत वा सो भन्दा बढी निर्यात भएको र ५,००,००० दर्जन भन्दा बढी कुल कोटा परिमाण तोकिएका तयारी पोशाकको कोटा निम्नानुसार वितरण गर्ने :

(१) कुल कोटामध्ये ५० प्रतिशत जगेडा राखी बाँकी ५० प्रतिशत PPEx का आधारमा उद्योगहरूलाई वितरण गर्ने ।

(२) ५० प्रतिशत जगेडा राखिएको परिमाणबाट माथि नं. ८ को खण्ड (क) (१) मा तोकिए बमोजिम १७ प्रतिशत परिमाण छुट्याउने ।

(३) PPEx का आधारमा वितरण गर्दा PPEx मा पर्ने सबै उद्योगहरूलाई १०० दर्जनका दरले वितरण गरी बाँकी परिमाण PPEx को हिसाबले वितरण गर्ने ।

(४) PPEx का आधारमा तयारी पोशाक उद्योगहरूले आफूले पाएको कोटा निर्यात गरिसकेपछि मात्र रिजर्भ रहेको परिमाणबाट फष्ट कम फष्ट सर्भको आधारमा निर्यात गर्न पाउने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) नयाँ उद्योगहरूको हकमा पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा कन्फर्म एल. सी. पेश गरेमा १०० दर्जनमा नबढाइ रिजर्भ परिमाणबाट पहिलो पटक निर्यात गर्न दिने र एक पटक निर्यात गरी सकेपछि माग बमोजिमको परिमाण एक पटकमा २,००० दर्जनमा नबढाइ निर्यात गर्न दिने ।

९. वर्ग ३३६।६३६ का सम्बन्धमा सन् १९९५ को लागि पहिलो प्राथमिकता प्रदान गरिने (First Come First Serve) आधारमा कोटा वितरण गर्ने तर यस वर्गमा अगष्ट १९९४ देखि नोभेम्बर १९९५ सम्ममा यस अवधिको कुल कोटाको ८० प्रतिशत भन्दा बढी कोटा निर्यात भएमा सन् १९९६ देखि माथि नं. ८ बमोजिम आन्तरिक कोटा प्रणाली लागू गरी वितरण गर्ने । यस वर्गको निर्यात स्थितिको प्रत्येक महिना पुनरावलोकन गर्ने ।

१०. सन् १९९४ को निर्यातको आधारमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगहरूको लागि प्रोत्साहन स्वरूप छुट्याएको १० प्रतिशत कोटाबाट एक लाख डलर बराबरको पोशाक परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा ३,००० थानका दरले कोटा थप दिने । त्यसरी वितरण गरी बाँकी रहेको कोटा PPEx को आधारमा वितरण गर्ने ।

११. सन् १९९४ को निर्यातको आधारमा अमेरिका वाहेक अन्य मुलुकमा निर्यात गर्ने उद्योगहरूका लागि प्रोत्साहन स्वरूप छुट्याएको ५ प्रतिशत कोटाबाट एक लाख डलर वरावरको पोशाक परिवर्त्य विदेशी मुद्रामा निर्यात गर्ने उद्योगलाई बढीमा २,००० थानका दरले कोटा थप दिने । त्यसरी वितरण गरी बाँकी रहेको कोटा PPEx को आधारमा वितरण गर्ने ।

१२. सन् १९९५ पछि कोटा वितरण गर्दा सामान्यतया उपरोक्त कोटा वितरण नीति अवलम्बन गर्ने । तर यस नीतिको तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले आवश्यकतानुसार पुनरावलोकन गर्न सक्नेछ ।

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको का. मु सचिव

११८०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।